आर्थिक बर्ष २०७६/७७को

नीति,कार्यक्रम तथा बजेट

# चँखेली गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यलय पिप्लाङ्ग ,हुम्ला

# कर्णाली प्रदेश, नेपाल

# २०७६

गाँउसभाको बैठक

**मिति**२०७६ साल असार२२ गते आइतबार

**प्रस्तुतकर्ता** गाँउपालिकाका उपाध्यक्ष श्री विमला कुमारी शाही ज्यू

# आर्थिक बर्ष २०७६/७७ को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०७६

सम्मानित अध्यक्ष ज्यू ,
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
चंखेलीबासी दाजुभाइ तथा दिदिबैनिहरु

सर्वप्रथम यस चँखेली गाँउपालिकाको गरिमामय गाउँसभामा तेस्रो पटक नीति तथा कार्यक्रम सहितका बजेट बक्तव्य गर्न पाउँदा आफुलाई भाग्यमानी महसु गरेको छु । यस अवसरमा स्थानिय तहको चुनाव सम्पन्न गराउन भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभारव्यक्त गर्दछु ।साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक जन आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

चँखेली गाँउपालिकाले प्रस्तावित निति ,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मुलतनेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि ,आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली , मौलिक हकहरु , आर्थिक, सामाजिक विकास , प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु , स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय सरकार शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ,विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा , लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास ,वालमैत्री स्थानिय शासन , वातावरणमैत्री स्थानिय शासन , खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई , उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु , स्थानिय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिक तामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु , अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७६/ ७७ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता  सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

सभा अध्यक्ष ज्यू,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,
बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्य**

आ.ब.२०७६/७७ को यस चँखेली गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई स्तरोन्नती गर्न योगदान पुर्याउनु रहेको छ । यसका लागि कृषि, पर्यटन, जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक , शिक्षा, स्वास्थ्य**महिला, बालबालिका तथा जेष्ठ नागरिक, वन, वातावरण तथा विपद व्यवस्थापन, न्यायिक सम्बन्धमा** र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

**मुख्य नीतिहरु**

- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुलाई समेटनेलिङ्करो **ड** निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार/ निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।
- स्वच्छ  सफा सिसा र पलास्टिक रहित चँखेली गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ ।सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न  विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक वडाएक उत्पादन नीतिलाई अनुसरण गरिनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- चँखेली गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविद्युत आयोजना तथा लिकं रोडहरुको संभाव्यता गराई संघिय सरकार प्रान्त सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि अनुरोध गरिनेछ ।
- समता समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री अपाङ्गमैत्री लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।
- जुनसुकै क्षेत्रमा कर्मचारी नियुक्ती गर्दा हाम्रो मान्छे नभनि राम्रो मान्छे खुल्ला प्रतिशपर्धाबाट ल्याउने निर्णय गरियो ।
- जनता संग अध्यक्ष र महिला दिदी बहिनीहरुसँग उपाध्यक्ष कार्यक्रमको लागि आवश्यक बजेटको व्यबस्था गरेको छु ।

## आ.व.२०७६/७७ राजस्व अनुमान :

**सभा** अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

अब म आ.व.२०७६/७७ को प्रस्तावित बजेट अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०७६/७७को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु

२,४१,१८,४०,००० लागि रु २४ करोड ११ लाख ८४ हजार रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु |
|---|---|
| नेपाल सरकारबाट अनुदान | १४,९८,००,०००। |
| आन्तरिक राजस्व अनुमान | ९,००,०००। |
| प्रदेश सरकारवाट अनुदान | ९९,१५,०००। |
| राजस्व बाँडफाँड प्राप्ति नेपाल सारकार | ४,८९,००,०००। |
| राजस्व बाँडफाँड प्राप्ति प्रदेश सारकार | १,३५,०००। |
| गत वर्षको नगद मौज्दात | ३,१५,३४,०००। |
| **जम्मा** | २,४,११,८४,०००। |

यसैगरी अब म आ.व **२०७६/७७** को चंखेली गाउँपालिका लागि रु २४ करोड ११ लाख ८४ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु १७ करोड १९ लाख ६८ हजार ६ सय पचास र पुजिगत तर्फ रु ६ करोड ९२ लाख १५ हजार ३ सय ५० विनियोजन गरेको छु, भने चंखेली गाउँपालिका भित्र कार्यक्रमहरु संचालन गर्नका लागी सहभागी संस्थाद्धारा रु ९४ लाख ९७ हजार ७ सय २९ रुपैया बराबरको र सक्षम नेपाल ले रु ८ लाख को कार्यक्रम पेश भएको छ।

नेपाल सरकार द्धारा शसर्त अनुदान बाट प्राप्त रु ८ करोड ३४ लाख सहित चालु तर्फ राखिएको हुनाले कुल बजेटमा चालु खर्चको अंश बढि देखिएको छ। अब म बिषयगत क्षेत्र तथा अन्य क्षेत्रगत विकास तर्फ विनियोजित बजेट पेश गर्न चाहान्छु।

विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

# १.आर्थिक विकास

**कृषि :**

चंखेली गाउँपालिकाको कृषिमा व्यवसायीकरण गर्नका लागि लिईयको नारा "आधुनिक कृषिमा व्यवसायीकरण खाध्यन्न आयतमा न्युनिकरण"भन्ने मुल नारालाई आत्म साथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

कृषि बिकास शाखा कार्यलय व्यवस्थापन :

चंखेली गाउँपालिकाको कृषि बिकास कार्यलय व्यवस्थापनका लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक व्यवस्थापन हरुको व्यवस्था गरिने छ ।

कर्मचारीहरुको व्यवस्थापन :

यस चंखेलीगाउपालीका कृषि बिकास शाखामा जनशत्तिको कमीका कारण कुनै पनी कार्यक्रमहरु प्रभावकारी हुन नसकेको कारण ले आगामी बर्षमा १ वडा १ कृषि प्राबिधिकहरुको व्यवस्थापन गरीएको छ।

कृषक छनोट :

यस चंखेलीगाउपालीका अर्न्तगतका कृषक हरु लाइ बास्तबिक कृषक बन्नको लागीतरकारी खेतीगर्ने कृषकको हकमा कम्तीमा पनी २०० बर्ग मिटर क्षेत्रफल जमीनमा तरकारी खेती गरेको हुनु पर्ने, फलफुल खेतीगर्ने कृषकको हकमा कम्तीमा पनी १० वटा स्याउको फल्ने बोट र ५ वटा ओखरको फल्ने बोट भयकोहुनु पर्ने

कार्यक्रम छनोट :

यस चंखेलीगाउपालीका कृषि बिकास शाखा बाट प्रबाहहुने कुनै पनी सेवा सबिधा उपभोग गर्न लाइ यस चंखेलीगाउपालीका अन्तर्गतका कुनै पनी कृषक समुह र कृषि सहकारी ले कार्यक्रम पाउनको लागीउक्त कृषक समुहर कूषि सहकारीका सबै सदस्यहरुको तरकारी तथा फलफुल खेतीका लागी कम्तीमा पनी एक रोपनी क्षेत्रफल भयको हुनु पर्ने ।

क्रियाकलापहरु :

छ वटै वडा लाइ समेट्ने गरी प्लासटिक पोखरी निर्माण गरीने छ, ग्राफ्टिङ्गओखर बितरण कार्यक्रमलाइ प्रथामीकता दिइने छ, वडा नं ५ लाइमौरी पालन क्षेत्रको नमुनाको रुपमापकेट क्षेत्र छुट्याइने छ, वडा नं १,३ र ६ लाइ स्याउपकेट को रुपमा बिस्तार गरीने छ, रैथाने बालीलाइ बिशेष प्रथामिकता दिइने छ, देउलीबजार,पिप्लाङ्ग र मेल्छाम मातरकारी तथाफलफुल संकलन केन्द्र स्थापना गरीने छ,मसला बालीलाइ बिशेष प्रथामिकता दिइने छ, उत्कृट कृषकहरुलाइ पुरस्कृत तथा भ्रमण को ब्यवथा गरिने छ

समन्वय, अन्तरक्रिया तथा अनुभव आदान प्रदान

कृषि बिकास समिति,कृषकहरु, तथा कृषि सम्बन्धि काम गर्ने संघ संस्थाहरु बिच वर्षको कम्तिमा तिन पटक अन्तरक्रिया तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिने छ ।

प्रोत्साहनतथा पुरस्कृत :

चंखेलीगाउपालीका अन्तर्गतका उत्कृष्ट कृषक र कृषि क्षेत्रमा ब्यवसायीकरणका लागीचासो राख्ने कृर्षकहरुलाइ प्रोत्साहन स्वरुप पुरस्कृत गरिने छ ।

कृषकको क्षमता विकास :

कृषकहरुको क्षमता विकास गर्नका तालिम तथा अन्य क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रम संचालन गरिने छ ।

सुशासन

सुशासन र पारदर्शिता कायम गर्न प्रत्येक वर्षको दुई पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण गर्नु पर्ने छ । यस कृषि बिकास समिति कृषक रअन्य सरोकारवालाहरु आफ्नो कर्तव्य प्रति उत्तरदायि हुनु पर्ने छ ।

<u>अनुगमन तथा मुल्यांकन</u>
कृषि बिभाग समिति तथा सम्बन्धित वडाको वडा समितिले वर्षको कम्तिमा तिन पटक प्रत्येक योजना तथा कार्यक्रमको अनुगमन र मुल्यांकन गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिने छ
यस क्षेत्रका लागि कुल बजेट रु. ६४ लाख ५५ हजार छुटाईएको छु ।

<u>पशु सेवा</u>

चंखेली गाउँपालिकाको कृषि तथा पशुमा ब्यवसायीकरण गर्नका लागि लिईयको नारा *"पशु व्यावसाय रोजगार हो हाम्रो , दूध मासु विकाश गरौ राम्रो"* भन्ने मुल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

➢ पशु सेवा शाखाकार्यलय व्यवस्थापन
  चंखेली गाउँपालिकाको पशु सेवा कार्यलय व्यवस्थापनका लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक` व्यवस्थापन गरिने छ ।
  यसको लागि
➢ <u>नितिहरु</u>

- गाउपालिका केन्द्रमा रहने गरि एउटा बधसाला निर्माण गरिने छ ।
- स्वच्छ र ताजा मासुको लागि ३ ओटा फ्रेस हाउसको व्यावस्थापन गरिने छ जसमा दार्मा, देउलि, पिप्पलाङ र मेल्छाम रहने गरि ।
- प्रत्येक वडा १ जना पशु प्राविधिकको व्यावस्था गरिएको छ ।
- प्रत्येक वडामा एउटा एउटा कृषक समुहलाई सहकारिमा रुपान्तरण गरिने छ ।
- पशु आहाराको लागि प्रत्येक वडामा डाले घाँसको नर्सरिको व्यावस्था गरिने छ ।
- मासु, दूध, ऊन र अण्डा उत्पादनको लागि उन्नत जातका पशु पन्छी उत्पादन गरिने छ ।
- माछा पालनको लागि व्यावसाय गर्न चाहने कृषकको लागि कार्यक्रम ल्याईने छ ।
- माहामारी रोगहरुको लागि भ्याक्सिनेशन कार्यक्रमको व्यावस्थापन गरिने छ ।
- प्रत्येक स्कुलमा जोनोटिक रोग बारे स्कुल प्रचार प्रसार गरिने छ ।

➢ <u>समन्वय, अन्तरक्रिया तथा अनुभव आदानप्रदान</u>
  पशु सेवा बिभाग समिति,कृषकहरु, तथा कृषि सम्बन्धि काम गर्ने संघसंस्थाहरु बिच वर्षको कम्तिमा तिन पटक अन्तरक्रिया तथा अनुभव आदानप्रदान कार्यक्रम संचालनगरिने छ ।

➢ <u>प्रोत्साहन तथा पुरस्कृत</u>
  चंखेली गाउँपालीका अन्तर्गतका उत्कृष्ट कृषक र पशुपालन क्षेत्रमा व्यवसायीकरण का लागी चासो राख्ने कृषकहरुलाइ प्रोत्साहन स्वरुप पुरस्कृत गरिने छ ।

➢ <u>कृषकको क्षमता विकास</u>

**कृषकहरुको क्षमताविकास गर्नका तालिम तथा अन्य क्षमता विकासका लागि आवश्यकताअनुसार कार्यक्रम संचालनगरिने छ।**

- **<u>सुशासन</u>**

**सुशासन र पारदर्शिता कायम गर्न  प्रत्येक वर्षको दुई पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण गर्नु पर्ने छ। यस पशु सेवा बिभाग समिति कृषक र अन्य सरोकारवालाहरु आफ्नो कर्तव्य प्रति उत्तरदायि हुनु पर्ने छ।**

- **<u>अनुगमन तथा मुल्यांकन</u>**

**पशु सेवा बिभाग समितितथा सम्बन्धित वडाको वडा समितिले वर्षको कम्तिमा तिन पटक प्रत्येक योजना तथा कार्यक्रम को अनुगमन र मुल्यांकन गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिने छ।**

**यस क्षेत्रका लागि कुल बजेट रु. ६४ लाख ५५ हजार छुटाईएको छ।**

<u>उद्योग तथा वाणिज्य</u>

- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ ।

<u>पर्यटन</u>

- गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- चंखेली गाउपालिका अन्तरगत पर्ने पर्यटकिय क्षेत्रको पहिचान गरि प्रचार प्रसारमा जोड दिइनेछ ।
- गाँउपालिका स्तरमा सहकार्य गरि काम गर्ने NGO/INGO लाई काम गर्नका लागि सहमति तथा स्वीकृती दिईने छ ।
- यस चंखेली गाउँपालिका अन्तर्गत वडा नं २ को दार्मा तल्लो कोटमा ऐतिहासिक तथा धार्मिक स्थलको रुपमा विकास गर्न महिला दिदिबहिनिरुको विशेष मागबमोजिम शिव मन्दिर र पार्क निर्माणको लागी प्रदेश सरकार तथा संघिय सरकार संग माग गर्न आबश्यक पहल गरिनेछ।
- यस गाउँपालिकामा हवाई मैदानको लागि संघिय सरकार सँग विशेष पहल लिईने छ।
- पिप्लाङ्ग मासिधार मालिका मन्दिर  निर्माणको  लागि  संघ प्रदेश सरकारमा विशेस पहल लिईनेछ।

<u>सहकारी तथा वित्तिय क्षेत्र</u>

- सामुहिक सहकारी तथा वित्तिय क्षेत्र प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ ।

**२. सामाजिक विकास**

**<u>शिक्षा</u>**

चंखेली गाउँपालिकाको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नका लागि लिईएको नारा *"शिक्षामा लगानी लगाउँ, शिक्षाको गुणस्तर बढाउँ"* भन्ने मुल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- शिक्षा शाखा कार्यलय व्यवस्थापन
  चंखेली गाउँपालिकाको शिक्षा कार्यलय व्यवस्थापनका लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक व्यवस्थापनहरुको व्यवस्था गरिने छ ।

- विद्यालय व्यवस्थापन
  गाउँपालिका भित्र भएका सबै विधालयहरुमा पुस्तकालय, कक्षा कोठा, प्रशासन, प्रविधि, संचार, प्राथमिक उपचार(**First AID**), परिक्षा संचालन, बालविकास तथा बाल क्लब संचालन सम्बन्धि व्यस्थापन गरिने छ ।

- शिक्षक व्यवस्थापन
  शिक्षकहरुको वास्तविक तथ्यांक संकलन गरि आवश्यकता अनुसार शिक्षकहरुको समावेशी नियुक्ती, अन्तर विधालय शिक्षक सरुवा, स्थानिय तलब भत्ता, तलब स्केल र करार शिक्षकहरुलाई पोसाकको व्यवस्था गरिने छ ।

- विधालयको मर्मत सम्भार र भौतिक पुर्वाधार निर्माण
  चंखेली गाउँपालिकामा भएका सबै विधालयहरुमा आवश्यकता अनुसार खानेपानि, शौचालय, घेरेबार, खेलमैदान, छात्रावासको उचित मर्मत सम्भार गर्दै आवश्यकता अनुसार नयाँ भौतिक संरचना निर्माण गरिने छ ।

- समन्वय, अन्तरक्रिया तथा अनुभव आदानप्रदान
  शिक्षा समिति, विधालय व्यवस्थापन समिति, अभिभाकहरु, शिक्षकहरु, बाल क्लब तथा शिक्षा सम्बन्धि काम गर्ने संघ संस्थाहरु बिच वर्षको कम्तिमा दुई पटक अन्तरक्रिया तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिने छ ।

  **SEE** परीक्षा केन्द्र र बहुमुखी क्याम्पस संचालनका लागि पहल गर्नुका साथै सम्बन्धित शैक्षिक सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिने छ ।

- प्रोत्साहन तथा पुरस्कृत
  शैक्षिक सत्रमा प्रत्येक विधालयमा उत्कृष्ट शिक्षक र विविध विधामा (अनुसान, जेहेन्दार, सरसफाई आदि) विधार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने छ सथै प्रत्येक बर्षमा यस गाँउपालिका भरि एस.इ.इ मा उत्कृष्ट नतिजा ल्याउने १ जना विद्यार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने व्यवस्था गरिएको छ ।

- अतिरिक्त क्रियाकलाप
  सबै विधालयहरुमा हप्ताको प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप जस्तै हाजिरीजवाफ, वक्तृत्वकला, खेलकुद, साँस्कृतिक कार्यक्रम, निबन्ध लेखन आदि संचालन गरिने छ । अन्तर विधालयहरु बिच अतिरिक्त क्रियाकलाप वर्षमा कम्तिमा चार पटक संचालन गरिने छ ।

- शिक्षकको क्षमता विकास

शिक्षकहरुको क्षमता विकास गर्नका लागि विषयगत तालिम तथा अन्य क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रम संचालन गरिने छ ।

- छात्रवृति

  गरिब तथा जेहेन्दार, छात्रा, दलित, जनजाति, अपाङ्ग तथा अशाय र पिछडिएका विधार्थीहरुलाई आवश्यकता अनुसार विशेष छात्रवृतिको व्यवस्था गरिने छ ।

- अनुशासन

  सबै विधालयहरुमा शिक्षक र विधार्थीहरुले अनिवार्य रुपमा तोकिए बमोजिमको पोसाक लगाई विधालयमा उपस्थित हुने प्रावधान मिलाईने छ । प्रत्येक विधालयले आचारसंहिता लागु गर्नुका साथै आचारसंहिता पालना नगर्नेलाई शिक्षा नियमावली अनुरुप कार्वाही गरिने छ ।
- अनुगमन तथा मुल्यांकन

  शिक्षा समिति तथा सम्बन्धित वडाको वडा समितिले वर्षको कम्तिमा तिन पटक प्रत्येक विधालयको अनुगमन र मुल्यांकन गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिने छ ।

  यस क्षेत्रको समग्र विकास तथा करार दक्ष जनशक्ति परिचालनका लागि आवश्यक बजेट सहित समग्रमा कुल बजेट रु. १ करोड ८० लाख ९२ हजार १ सय ५० विनियोजित गरेको छु ।

- सुशासन तथा कर्मचारी व्यवस्थापन

  सुशासन र पारदर्शिता कायम गर्न प्रत्येक विधालयले वर्षको दुई पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण गर्नु पर्ने छ । प्रत्येक शिक्षक, विधार्थी, विधालय व्यवस्थापन समिति, शिक्षा समिति, अभिभावक र अन्य सरोकारवालाहरु आफ्नो कर्तव्य प्रति उत्तरदायि हुनु पर्ने छ ।

  चंखेली गाँउपालिका ५ नं वडा नेप्का टाँके नाका बाट आयतित अवैध मदिरा नियन्त्रण कार्यलाई आगामी आ.व मा निरन्तरता दिइने छ ।

- विकट भू-वनावट, आधारभूत सेवा सुविधाको अभाव तथा विभिन्न कारणले यस आ.व.मा पनि कर्मचारीको उचित व्यवस्थापन हुन नसकेको कारण साविकका गा.वि.स.एवम नयाँ संरचना भएका वडामा कार्यरत वडा प्रशासन सहायकलाई आधारभुत तलव स्केल उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

युवा तथा खेलकुद :

- बढ्दो बेराजगारी दर र फराकिलो प्रतिसप्रधालाई मध्यनजर गरी यस गाँउपालिका अन्तरगतका शिक्षित बेरागार युवा युवती लक्षित दक्ष प्रशिक्षक एवम गुणस्तरीय शिक्षा सहितको निशुल्क लोकसेवा तयारी कक्षा संचालनका लागि रु.५ लाख बजेत विनियोजन गरेको छु ।

- स्वास्थ्यका लागि खेलकुद ,राष्टका लागि खेलकुद भन्ने मुल नारालाई आत्मसाथ गरि यस चंखेली गाँउपालिका स्तरमा अध्यक्ष कप संचालन तथा अन्य खेलकुद प्रतियोगिता एवं खेलाडीको स्तर वृद्धिका लागि रु. १५ लाख विनियोजित गरेको छु ।

दलित लक्षित कार्यक्रम :

चंखेली गाउँपालिकामा भएका दलित वर्गको उत्थान, सम्मान र विकासका लागि लिईएको नारा *"दलित अब हुने छैनन उपेक्षित"* भन्ने मुल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- सिपमूलक तालिम प्रदान गर्नुका साथै उपयुक्त सिपलाई व्यवसायीक बनाउन आवश्यक स्रोत तथा सामाग्रीहरु उपलब्ध गराईने छ ।
- दलित सम्बन्धीत कार्यक्रमहरु संचालनका लागी दलित उत्थान समिती गठन तथा व्यवस्थापन गरिने छ ।
- जेहेन्दार दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागी आवश्यक वातावरण मिलाईने छ ।
- दलित महिला सशक्तिकरणका लागी आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईने छन ।

  जसका लागि एकमष्ट कुल बजेट रु. ८ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य :

चंखेली गाउँपालिकाको  स्वास्थ्य क्षेत्रमा गुणस्तर अभिवृद्धि गर्नका लागि लिईएको नारा "स्वस्थ्य जीवन सम्वृद्धिको आधार" भन्ने मुलल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- स्वास्थ्य शाखा कार्यलय व्यवस्थापन
  चंखेली गाउँपालिकामा भएको स्वास्थ्य शाखा कार्यलय, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य क्लिनिकहरुको व्यवस्थापनका लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक खर्च, औषधी व्यवस्थापन, स्टोर, स्वास्थ्य उपकरण, सञ्चार आदिको व्यवस्था गरिने छ ।

- स्वास्थ्य कर्मचारीहरुको व्यवस्थापन
  स्वास्थ्यकर्मीहरुको वास्तविक तथ्यांक संकलन गरि आवश्यकता अनुसार स्वास्थ्यकर्मीको समावेशी नियुक्ती, स्थानिय तलब भत्ता, तलब स्केल र करार व्यवस्था गरिने छ ।
  गाउँपालिकामा रहेको सबै विधालयहरुमा एक विधालय एक अनमि र प्रत्येक विधालयमा प्राथमिक उपचार ( First AID) को लागि पहल गरिने छ ।
  पुरानो महिला स्वास्थय स्वयंम सेविका लाई बिदाई तथा नयाँ स्वयंम सेविका (कक्षा ८ पास) नियुक्ति गरिने छ ।

- चंखेली गाँउपालिकामा संचालित प्रशुती गृह सुधारका लागि सम्बन्धित सरोकारवाला निकाय संग आवश्यक पहल गरिने छ ।

- गाँउपालिका स्तरमा यु.एस.जी मेसिन संचालन एवं जनशक्ति व्यवस्थापनको लागी प्रदेश सरकार सँग आवश्यक पहल गरिने छ ।

- चंखेली गाउँपालिकामा भएका सबै स्वास्थय चौकि र समुदायिक स्वास्थय क्लिनिहरुमा आवश्यकता अनुसार खानेपानि, शौचालय, घेरेबार, कर्मचारी आवासको उचित मर्मत सम्भार गर्दै आवश्यकता अनुसार नयाँ भौतिक संरचना निर्माण गरिने छ ।

- समन्वय, अन्तरक्रिया तथा अनुभव आदानप्रदान
  स्वास्थय समिति, स्वास्थय व्यवस्थापन समिति, स्वास्थय कर्मचारीहरु, सेवाग्राहिहरु, बाल क्लब तथा सम्बन्धि काम गर्ने संघसंस्थाहरु बिच वर्षको कम्तिमा दुई पटक अन्तरक्रिया तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिने छ ।
  गाउँपालिकामा १५ सैयाको अस्पताल खोल्न संघिय र प्रदेश सरकार समक्ष पहल गर्नुका साथै वर्षमा दुई पटक गरिने छ ।

- स्वास्थयकर्मिहरुको क्षमता विकास
  स्वास्थयकर्मिहरुको क्षमता विकास गर्नका लागि तालिम तथा अन्य क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रम संचालन गरिने छ ।
  नयाँ (करार) स्वास्थय कर्मचारीहरुलाई आधारभुत लजिस्टिक म्यानेजमेन्ट र **MNH update** सम्बन्धित तालिमको व्यवस्था गरिने छ ।

- अनुशासन
  सबै स्वास्थय कार्यलयमा स्वास्थयकर्मिहरु अनिवार्य रुपमा तोकिए समयमा उपस्थित हुने प्रावधान मिलाईने छ । प्रत्येक स्वास्थय कार्यलयले आचारसंहिता लागु गर्नुका साथै आचारसंहिता पालना नगर्ने स्वास्थयकर्मिहरुलाई स्वास्थय नियमावली अनुरुप कार्वाही गरिने छ ।

- सुशासन
  सुशासन र पारदर्शिता कायम गर्न प्रत्येक स्वास्थय कार्यलयले वर्षको दुई पटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण गर्नु पर्ने छ ।
- स्वास्थय समिति, स्वास्थय व्यवस्थापन समिति, स्वास्थय कर्मचारीहरु, सेवाग्राहिहरु, बाल क्लब तथा सम्बन्धित अन्य सरोकारवालाहरु आफ्नो कर्तव्य प्रति उत्तरदायि हुनु पर्ने छ ।
  वर्षमा उत्कृष्ट स्वास्थयकर्मिहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने छ ।

- अनुगमन तथा मुल्यांकन
  स्वास्थय समिति तथा सम्बन्धित वडाको वडा समितिले वर्षको कम्तिमा तिन पटक प्रत्येक स्वास्थय कार्यलयको अनुगमन र मुल्यांकन गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिने छ ।

  यस क्षेत्रका लागि कुल बजेट रु. ७४ लाख ४० हजार विनियोजन गरेको छु ।

<u>महिला, बालबालिका तथा जेष्ठ नागरिक</u>

चंखेली गाउँपालिकामा भएका महिला, बालबालिका तथा जेष्ठ नागरिकाहरुको विकास, सामाजिक सुरक्षा र सम्मान गर्नका लागि लिईएको नारा *"चंखेली गाउँपालिकाको आह्वान; महिला, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षा र सम्मान"* भन्ने मुल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- चंखेली गाउँपालिकामा भएको महिला तथा बालबालिका कार्यलयको लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक खर्च, सञ्चार आदिको व्यवस्था गरिने छ ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको विकास, सुरक्षा र सम्मानका लागि विभिन्न खालका प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- छाउपडि प्रथा र पालिकामा भएका अन्य कुप्रथाहरु न्युनिकरण गर्नका लागि जनचेतनामुलक कार्यक्रमहरु गरिने छ । यसका लागि विशेष गरि सडक नाटक, घरदैलो कार्यक्रम, ब्यानर पम्प्लेट टाँस्ने तथा आवश्यक परामर्श जस्ता कार्यक्रमहरु गरिने छ ।
- महिला आर्थिक सशक्तिकरण, विपदमा परेको महिला तथा बालबालिकालाई उद्धार र आवश्यकता अनुसारका कार्यक्रम संचालनमा ल्याउनका लागि "महिला कोष" को स्थापना गरिने छ ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको वास्तविक तथ्यांक संकलन गरि आवश्यकता र प्रकृति अनुसारको कार्यक्रमहरु संचालन गरिने छन् । जस्तैः प्रौढ शिक्षा, जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण, कृषिमा व्यवसायिकरण, सिपमुलक तालिम, सरसफाई कार्यक्रम, महिला हिंसा न्युनिकरण आदि ।
- आमा समुह सकियताका लागि आवश्यकता अनुसार पुर्न गठन गरि विभिन्न खालका कार्यक्रम संचालनमा ल्याउनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- किशोरी समुह गठन गरि महिला तथा बालबालिका सम्बन्धि कार्यक्रम (जस्तै बाल विवाह न्युनिकरण) संचालनमा ल्याउन महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यलयसँग आवश्यक समन्व गर्ने व्यवस्था मिलाईने छ ।

**यस क्षेत्रका लागि कुल बजेट रु. ३१ लाख ९० हजार विनियोजित गरेको छु ।**

**<u>खानेपानी तथा सरसफाईः</u>**

- **गाँउपालिकामा खानेपानी सम्बन्धी नीति,कानून,मापदण्ड,योजना,कार्यान्वयन र नियमन गरिनेछ ।**

- **खानेपानीमा महसुल निर्धारण, सेवा व्यवस्थापन, आवस्यक्तालाई पुरागर्नपुनःश्रोतको नकसाङ्कन गरी नभएको ठॉउमा पहिलो प्राथमिक्ता र निर्माणधिन योजना लाई पुरागरिनेछ।**
- **सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी खानेपानी १घर १धारा गाँपालिकाले प्रदेशर संघीय सरकारसंग समन्वय गरी दीर्घकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुने गरी खानेपानी योजना निर्माण, मर्मत, संभार, विस्तार गरिने छ।**

<u>सस्कृति प्रवर्द्धन</u>

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।
- **यस चंखेली गाउपालिका भित्र रहेको मठमन्दिर तथा सांस्कृतिक सम्पदाको गुरुयोजना तयार पार्ने कार्य यसै आ.व. बाट सुरु गरिनेछ।**

<u>लैङ्गिक समानता एंव समाजिक समावेशीकरण</u>

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।
- मानव वेचविखन घरेलु हिंसा बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- महिला बालबालिका दलित अपाङ्ग जेष्ठ नागरिक असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ ।
- खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद विकासमा विशेष ध्यान दिइनेछ ।
- **प्रत्येक वडामा छाउपडि प्रथा उन्मुलनको लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।**

## ३.पूर्वाधार विकास

**<u>सडक तथा पुल</u>**

- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार/ निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।

- गाँउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झोलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- गोडेटो र घोडेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।
- **पिप्लाङ्ग देखि ह्याप्सेसम्म मोटरबाटोर पिप्लाङ्ग देखि टाकेसम्म मोटर बाटोको सर्बे डिजाइन गरि आवश्यक बजेटको लागि प्रदेश सरकार तथा संघिय सरकार समक्ष प्रस्ताब पेश गरिनेछ ।**
- **यस गाउपालिकामा सडक संजाल जोडिन लागेको हुदा गाउँपालिका स्तरिय सडक गुरु योजना तयार गर्नमा यसै आ.व.मा सुरु गरिनेछ ।**

<u>सिचाई</u>

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरुथोपा स्प्रिङकल लिफ्ट आदिलाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्था मिलाईनेछ ।

<u>भवन तथा सहरी विकास</u>

- यस गाउपालिका बिभिन्न ठाउँहरुमा बस्ती विकास, शहरी योजना मार्ग दर्शन तयारीको सुरुवात गरिनेछ ।
- हुम्ला जिल्ला पनि भुकम्पीय जोखिममा रहेको हुँदा चंखेली गाउँपालिकामा भवन निर्माण संहिता जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- वडा कार्यालयहरु स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

<u>उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत</u>

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- **खापर खोला लघु जलबिद्युत तथा खारखोला लघु जलबिद्युत निर्माणमा यस** बर्ष रु.३०/३० लाख **का दरले साथै मेखाला पाली अघु जलबिद्युत आयोजनामा** रु. ३५ लाख **विनियोजन गरिएको छ ।**

## ४. वन तथा वातावरण

- **कार्यलय व्यवस्थापन**

  **वन, वातावरण तथा पर्यटन शाखाको कार्यलय व्यवस्थापन गरिने छ ।**

- **संरक्षण**
- **वन, वातावरण तथा पर्यटन संरक्षणको लागि समय समयमा जनचतेना मुलक कार्यक्रम, अन्तरक्रिया तथा अन्य सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।**
- **जडिबुटिलाई संरक्षण गरिने छ ।**

**वन संरक्षणको लागि वन काट्ने उपकरणलई आवश्यक दायरामा ल्याई संचालन गराउन दिईने छ ।**

- **वृक्षारोपण**

**नेपाल सरकारको वृक्षारोपण कार्यक्रम अनुरुप पालिकाको प्रत्येक वडामा वृक्षारोपण गरिने छ ।**

**बाढि पहिरो प्रभावित क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा वृक्षारोपण गरिने छ ।**

**चंखेलि गाउँपालिकाका प्रत्येक वडामा नर्सरी खोल्न संघ र प्रदेशमा पहल गरिने छ ।**

- **पर्यटन**

**नेपाल सरकारको कार्यक्रम "Visit Nepal 2020" मा हाम्रो पालिकामा रहेको पर्यटन स्थल ( दुधेदह, नेप्का, टाँके नाका, गोरख हिमाल, चंगारा, तातो पानि मुहान आदि) बारे प्रचारप्रसार गरिने छ ।**

**चंखेलि गाउँपालिकामा रहेको वडा ५ (नेप्का) को टाँके भोटलाई पर्यटकीय क्षेत्र घोषण गरिने छ । चंखेली हुंदै दुधेदह पर्यटक स्थल जोड्ने मुगु हुम्ला बाटो निमार्ण गर्न सम्बन्धित पक्षमा पहल गरिने छ । तातो पानिको मुहानलाई संरक्षण गरिने ।**

**तातो पानिको मुहान र दुधेदहमा पर्यटकहरुको लागि धर्मशाला निमार्ण गरिने छ ।**

- **जडिबुटि विकास**

**जडिबुटिको संकलन तोकिाएको समयमा मात्र संकलन गरि पाकेको बिउ भर्न दिने ।**

**उन्नत जातको जडिबुटी उत्पादन गर्नको लागि जनचेतना फैलाईने छ ।**

**जडिबुटिको खेति गर्ने कृषकहरुलाई आवश्यक तालिम, गोष्ठि तथा भ्रमणको व्यवस्था गरिने छ ।**

भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण **तथा** जलवायू परिवर्तन

- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरियो चँखेली गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।

**यस क्षेत्रका लागि कुल बजेट रु. १४ लाख ८१हजार छुटाईएको छ ।**

**<u>विपद व्यवस्थापन</u>**

- **विपद व्यवस्थापन शाखा कार्यलयको लागि कार्यलय व्यवस्थापन गरिने छ ।**

- **विपदबाट प्रभावति व्यक्तिहरुलाई पहिचान गरि आवश्यक राहत उपलब्ध गराईने छ।**
- **विपद व्यवस्थापन समितिको आचारसंहिता बनाउई कायन्वयन गरिने छ।**
- **विपद व्यवस्थापन सम्बन्धमा कार्यविधि बनाई हिउँदे अधिवेशनबाट पारित गर्ने।**
- **वडा नं ६ का विभिन्न गाँउहरुमा आएको बाढी पहिरो तथा असिना पानी ले पिडित घरधुरीमा आवश्यक खाद्यान्न उपलब्ध गराउनका लागि आवश्यक बजेट रु.७ लाख ५० हअजार विनियोजन गरेको छु साथै थप आवश्यक राहत सहायताको लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिएको छ।**
- **आगामि दिनमा भईपरि आउने प्राकृतिक विपत्तीलाई मध्यनजर गरी विपद व्यवस्थापनका लागि न्युनतम रु.१०,००० अधिकतम रु.२०,००० सम्म प्रदान गर्नको लागी रु.३ लाख विनियोजन गरेको छु।**
- **अनुगमन र मुल्यांकनको प्रतिवेदन कार्यपालिका समक्ष पेश गरिने छ।**

**यस क्षेत्रका लागि कुल बजेट रु. २६ लाख १० हजार ८५ रुपैया छुटाईएको छ।**

फोहरमैला व्यवस्थापन

- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने पुन प्रयोग गर्ने तथा प्रशोधन नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाभित्र उचितस्थान पहिचान **गरि फोहोरमैला**व्यवस्थापन गरिनेछ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन

- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

## ५.संस्थागत विकास तथा सेवा प्रवाह

मानव संसाधन तथा संस्थागत क्षमता विकास

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

संस्थागत पूर्वाधार नागरिक वडापत्र

- गाँउपालिकाभित्र अपाङ्ग असहाय वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- गुनासो तथा उजुरी पेटीकाको व्यवस्था गरिने छ ।

सेवा प्रवाहका मापदण्ड निर्धारण

- न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङकननिर्देशिकाको पालना गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारीको नीति अबलम्बन गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**प्राविधिक :**

**यस क्षेत्र व्यवस्थापन एवमं गुणस्तरिय सेवा प्रवाहका लागि एक मुस्ट कुल बजेट रु. १४ लाख ५० हजार विनियोजन गरेको छु ।**

**वित्तिय व्यवस्थापन र सुशासन**

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्र्यौट

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुन अनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फछ्र्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

**न्यायिक :**

**चंखेली गाउँपालिकाका नागरिकाहरुलाई विवादको निरुपण र न्यायिक निरुपण गर्नका लागि लिईएको नारा *"न्यायमा समान पहुँच"* भन्ने मुल नारालाई आत्मसाथ गरि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।**

- **न्यायिक समितिका कार्यलयको व्यवस्थापनका लागि आवश्यक भौतिक सामाग्री, प्रशासनीक खर्च, सञ्चार, विशेषज्ञ आदिको व्यवस्था गरिने छ ।**
- **न्यायिक समितिले बनाएको कार्यविधि अनुसार कामहरु सम्पदान गरिने छन् ।**
- **प्रत्येक वडामा मेलमिलाप केन्द्र संचालन गरिने छ ।**

- **न्यायमा एकरुपता तथा पारदर्शिता कायम राखि कानुनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखिने छ ।**
- **न्यायिक समितिले आफु समक्ष दर्ता भएको विवादमा प्रतिवादि उपस्थिति भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुङ्गो लगाई सक्ने छ ।**
- **न्यायिक समितिमा दर्ता भएका विवाद तथा मुद्दाहरुको अभिलेख राखि गरिएका कामहरुको वार्षिक विवरण सभामा पेश गरिने छ ।**
- **मेलमिलाप तथा मुद्दा निरुपण गर्नका लागि आवश्यकता अनुसारको विशेषज्ञ व्यवस्थापन गरिने छ ।**
  **यस क्षेत्रका लागि कुल बजेट रु. ८ लाख विनियाजन गरेको छु ।**

सम्मानिनत सभा अध्यक्ष ज्यू ,तथा सदस्य ज्यूहरु,

अब म आ.व.०७६।०७७ मा विनियोजित प्रस्तावित वजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

| क.स | कार्यक्रम तथा योजनहरुका नाम | प्रस्तावित वजेट | कंफियत |
|---|---|---|---|
| १ | वडा नं १ | ४५ लाख | |
| २ | वडा नं २ | ४५ लाख | |
| ३ | वडा नं ३ | ४५ लाख | |
| ४ | वडा नं ४ | ४५ लाख | |
| ५ | वडा नं ५ | ४५ लाख | |
| ६ | वडा नं ६ | ४५ लाख | |
| ७ | वडा नं १ को जग्गा खरिद तथा म्याचिङ | ८ लाख | |
| ८ | फर्निचर तथा फिक्सचर | १०,००,००० (१० लाख) | |
| ९ | मेसिनरी तथा औजार | १०,००,००० (१० लाख) | |
| १० | रामशाहा प्रा.वि | २५,००,००० (२५ लाख) | |
| ११ | गा.पा. जग्गा खरिद | ४६,००,००० (४६ लाख) | |
| १२ | कल्प्या खानेपानी | ३,५०,००० (३ लाख ५० हजार) | |
| १३ | भुजेनी खानेपानी | ६,००,००० (६ लाख) | |
| १४ | भैरव माडु निर्माण | २,००,००० (२ लाख) | |
| १५ | कौलेन खानेपानी | ३,००,००० ( ३ लाख) | |
| १६ | लौठारुख शव विसौनी प्रतिक्षा लय | १,५०,००० (१ लाख ५० हजार) | |
| १७ | पुल बाटो | २,००,००० (२ लाख) | |
| १८ | माथी पाली खानेपनी मर्मत | ४,००,००० (४ लाख) | |
| १९ | भट्टेवाडा मन्दिर निर्माण | १,५०,००० (१ लाख ५० हजार) | |
| २० | गर्खा ढल निकास | ५,००,००० (५ लाख) | |
| २१ | सर्की मासिधारा मन्दिर निर्माण | ३,५०,००० (३ लाख ५० हजार) | |

| | | | |
|---|---|---|---|
| २२ | महादेव मन्दिर निर्माण मासिधारा | ३,५०,००० (३ लाख ५० हजार) | |
| २३ | जगनाथ महावै मन्दिर निर्माण | २,००,००० (२ लाख) | |
| २४ | सिव मन्दिर निर्माण पिप्लाङ्ग | २,००,००० (२ लाख) | |
| २५ | प्रदेश ,संघ सरकार तथा अन्य निकाय बाट आउने आयोजनाको लागी समपुरक कोष | १ करोड | |

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद ्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी चँखेली वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि चँखेली गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।